01 October 2023

National News

<u>मुख्य समाचार</u>

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज देशभरि आयोजित स्वच्छता ही सेवा महाअभियानको गर्नुभयो नेतृत्व
- प्रधानमन्त्रीद्वारा राष्ट्रिय हर्दी बोर्ड अनि सम्मक्का सरलाम्मा जनजाति विश्वविद्यालयको घोषणा
- प्रधानमन्त्री भोलि राजस्थान र मध्य प्रदेशको भ्रमणमा जानु हुने
- अनलाइन गेमिङहरूमा लाग्ने जीएसटी दर बढेर २८ प्रतिशत पुग्यो
- एसियाली खेलकुदमा भारतको स्वर्णिम प्रदर्शन जारी, आज तीन स्वर्ण जित्यो
- भारतको झोलामा अहिलेसम्ममा 13 स्वर्ण, 19 रजत र 18 कास्य पदक

<u>प्रधानमन्त्री स्वच्छता अभियान</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज देशभरि स्वच्छता ही सेवा महाअभियानको नेतृत्व गर्नुभयो। उहाँ फिटनेस प्रशिक्षक श्री अंकित ब्यानपुरियासँगै स्वच्छता अभियानमा सहभागिता हुनुभयो। श्री मोदीले श्री अंकित ब्यानपुरियासँग कुराकानी गर्नुभयो अनि शारीरिक तन्दुरुस्ती कायम राख्नु पर्ने आवश्यकतामा जोड दिनुभएको छ।

प्रधानमन्त्री श्री मोदीको 'एक तारिक, एक घन्टा एक साथ' स्वच्छता आह्वानमा आज देशभरिका जनता सहभागी भएका थियो । महात्मा गान्धीको जन्मजयन्तीको पूर्वसन्ध्यामा श्रद्धाञ्जली अर्पण गर्न, श्री मोदीले आज बिहान १० बजी स्वच्छता अभियानमा एक घण्टा दान गर्न नागरिकहरूलाई अपील गर्नुभएको थियो। यस अवसरमा बजार परिसर, रेलमार्ग, जलस्रोत, पर्यटनस्थल, पूजास्थललगायत सार्वजनिक स्थलमा सरसफाइ कार्यमा सबै वर्गका मानिस सहभागी भएका थिए ।

भारतीय जनता पार्टीका अध्यक्ष श्री जे.पी. नड्डा, केन्द्रीय मन्त्री श्री भूपेन्द्र यादव, श्री धर्मेन्द्र प्रधान, डा जितेन्द्र सिंह, श्री हरदीप सिंह पुरी, श्रीमती मीनाक्षी लेखी र श्री राजीव चन्द्रशेखर र अन्य नेताहरू पनि अभियानमा सहभागी बन्नुभयो।

यस अभियानमा देशका सहरी तथा ग्रामीण क्षेत्रका ६ लाख ४० हजारभन्दा धेरै स्थानमा श्रमदान गरिएको छ। एक लाख आवासीय क्षेत्रमा आवासीय कल्याण समितिहरूले श्रमदानमा भाग लिएका थिए। लगभग एक लाख आवासीय क्षेत्रमा कामदार उपलब्ध गराउन युनियनहरू पनि अगाडि आएका छन् । सर्वसाधारणसँगै विभिन्न सरकारी विभाग र निकायका कर्मचारीले पनि स्वच्छता अभियानमा सहभागिता जनाएका थिए ।

## पीएम-महबुब नगर

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले तेलंगानाका लागि राष्ट्रिय हर्दी बोर्ड अनि सम्मक्का सरलाम्मा जनजाति विश्वविद्यालयको घोषणा गर्नुभएको छ। आज दिउँसो महबुबनगरमा विभिन्न विकास परियोजनाको उद्घाटन र लोकार्पणपछि बोल्दै उहाँले हर्दी किसानलाई बोर्डले सहयोग गर्ने बताउनुभयो। उहाँले आदिवासी विश्वविद्यालयलाई 900 करोड रुपियाँ दिने घोषणा पनि गर्नुभयो। पूर्वाधार विकासले यस क्षेत्रको आर्थिक गतिविधिमा टेवा पुग्ने बताउँदै उहाँले यस्ता पूर्वाधार तथा विकास परियोजनाले रोजगारीका अवसरमा बृद्धि गर्नका साथै जनजीवनमा सुधार आउने बताउनु भयो ।

यस अवसरमा 13 हजार 500 करोड रुपियाँ भन्दा धेरैका धेरै अन्य विकास परियोजनाहरूको शिलान्यास उहाँले गर्नुभयो।

## PM-जनसभा

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज तेलंगानाको बीआरएस सरकारमाथि भ्रष्टाचार र किसान योजना अनि कार्यक्रमहरूको दुरुपयोग गरेको आरोप लगाउनु भयो। 'पलामुरु प्रजागर्जना' जनसभालाई सम्बोधन गर्दै उहाँले बीआरएस सरकारले व्यक्तिगत लाभका लागि किसान कार्यक्रमहरूको दुरुपयोग गरेको बताउनु भयो। उहाँले सिँचाइ कार्यक्रममा पनि भ्रष्टाचार भएको पनि आरोप लगाउनु भयो ।

महिला आरक्षण कानुनले देशभरिका महिलाहरूलाई सशक्तिकरण गर्ने उहाँले बताउनुभयो। उहाँले मुद्रा योजना, प्रधानमन्त्री आवास योजना, महिलाका लागि उज्वला योजनाहरू जस्ता योजनाहरू र कार्यक्रमहरू लागू गर्न केन्द्रमा एनडीए सरकारले गरेका पहलहरूको जानकारी पनि दिनुभयो।

## पीएम राजस्थान मध्यप्रदेश भ्रमणमा

प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि राजस्थान र मध्य प्रदेशको भ्रमणमा जानु हुनेछ। उहाँले राजस्थानको चित्तोडगढमा लगभग सात हजार करोड रुपियाँको विकास परियोजनाको शिलान्यास गर्ने र विभिन्न विकास परियोजनाहरू राष्ट्रलाई समर्पण गर्ने कार्यक्रम छ।

मध्य प्रदेशको ग्वालियरमा प्रधानमन्त्री श्री मोदीले लगभग १९ हजार २६० करोड रुपियाँको विकास परियोजनाहरूका शिलान्यास र उद्घाटन गर्नु हुनेछ।

राजस्थान - निर्वाचन आयोग

निर्वाचन आयोगले राजस्थानमा हुन लागेको विधानसभा निर्वाचनको सम्पूर्ण तयारी पूरा गरेको छ । विधानसभा निर्वाचनको तयारीको समीक्षा गर्न आयोगको टोली तीन दिने राजस्थान भ्रमणमा छ । मुख्य निर्वाचन आयुक्त श्री राजीव कुमारले युवा तथा महिला मतदातालाई मतदानमा सक्रियताका साथ सहभागी हुन अपिल गर्नुभएको छ । आज जयपुरमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले राज्यमा २१ लाख ९० हजारभन्दा धेरै मतदाताले पहिलो पटक मतदान गर्ने बताउनु भयो। मतदानका लागि ५१ हजार मतदान केन्द्र स्थापना गरिनेछन्, जसमा अधिकांश ग्रामीण क्षेत्रका छन् । उहाँले सामाजिक सञ्जालसँग सम्बन्धित गतिविधिको विशेष अनुगमन गरिने बताउनुभयो । राजनीतिक दलबाट आएका उजुरीलाई तत्काल कारबाही गर्न सबै जिल्ला निर्वाचन अधिकृतलाई निर्देशन दिइएको उहाँले बताउनु भयो।

GST- अनलाइन

आजदेखि अनलाइन गेमिङ, बेटिङ, क्यासिनो, जुवा, घोडा दौड र चिठ्ठामा लाग्ने वस्तु तथा सेवा कर जीएसटी दर २८ प्रतिशत पुगेको छ । यस सम्बन्धमा वित्त मन्त्रालयले एउटा अधिसूचना जारी गरेको छ । यी सेवाहरूमा GST दर बढाउने निर्णय यस वर्ष अगस्तमा GST परिषद्को 51 औं बैठकमा लिइएको थियो।

एसियाली खेलकुद

चीनको हाङ्जाओमा भइरहेको एसियाली खेलकुदमा भारतको स्वर्णिम प्रदर्शन जारी छ ।

आज तजिन्दरपाल सिंह तुरले सटपुटमा स्वर्ण पदक जितेका छन्।

आज पुरुष ट्र्याप टिमले सुटिङ प्रतियोगितामा स्वर्ण पदक जितेको छ। किनान चेनई, जोरावर सिंह र पृथ्वीराज टोन्डिमानले ३६१ अंक बनाएर कुवेत र चीनलाई पछि पार्दै स्वर्ण पदक जितेका हुन् ।

अभिनाश मुकुन्द साल्वेले एथलेटिक्समा पुरुष 3000 मिटर बाधा दौडमा नयाँ विश्व रेकर्ड बनाउँदै स्वर्ण पदक जितेका छन्।

मनिषा कीर, राजेश्वरी कुमारी र प्रिती रजकको महिला ट्र्याप टीमले सुटिङमा आज दोस्रो पदकका रूपमा रजत पदक जितेको छ ।

आज खेलकुदको आठौं दिन अदिती अशोकले भारतलाई गल्फमा पहिलो पदकका रूपमा रजत पदक दिलाइन् ।

अजयकुमार सरोजले एथलेटिक्समा पुरुष 1500 मिटर दौडमा रजत पदक जितेका छन् भने महिला 1500 मिटर दौडमा हरमिलन बाइन्सले रजत पदक जितेकी छन्।

श्रीशंकरले लङ्ग जम्पमा रजत पदक जितेका छन्।

सुटिङ्मा किनान चेनईले व्यक्तिगत ट्राप इभेन्टमा काँस्य पदक जितेका छन्।

बक्सिङ्मा निकत जारिनले आज महिला 45-50 केजी तौलमा कास्य पदक जितिन्।

एथ्लेटिक्समा जिनसन जोनसनले पुरुष 15 सय मिटर दौडमा काँस्य पदक जितेका छन्।

नन्दिनी अगसाराले महिला 800 मिटर हेप्टाथोन स्पर्धामा कास्य पदक जितेकी छन्।

बक्सिङ्मा परवीनले महिला ५७ केजी तौल समूहमा पदक पक्का गरेकी छन्। सेमीफाइनलमा प्रवेश गरेकी परवीन पेरिस ओलम्पिकका लागि छनोट भएकी छन् ।

आर्चरीमा ज्योति सुरेखा भेन्नम कम्पाउण्ड इभेन्टको व्यक्तिगत छनोटमा शीर्ष स्थानमा रहेकी छिन् भने विश्व च्याम्पियन अदिती स्वामी चौथो स्थानमा रहेकी छिन् । यी दुईको उत्कृष्ट प्रदर्शनका कारण भारत टिम इभेन्टमा शीर्ष स्थानमा रहेको छ ।

<u>पदक तालिका</u>

एसियाली खेलकूदको पदक तालिकामा चौथो स्थानमा रहेको भारतले अहिलेसम्ममा 13 स्वर्ण, 19 रजत र 18 कास्यसहित कुल 50 पदक जितेको छ।

पदक तालिकामा शीर्षमा रहेको आयोजक चीनले अहिलेसम्ममा 129 स्वर्ण, 71 रजत अनि 39 कास्य पदकसहित कुल 239 पदक जितिसकेको छ।

दोस्रो स्थानमा रहेको दक्षिण कोरियाले 30 स्वर्ण, 35 रजत अनि 59 कास्यसहित कुल 124 पदक जितिसकेको छ।

तेस्रो स्थानमा रहेको जापानले अहिलेसम्ममा 29 स्वर्ण, 41 रजत अनि 41 कास्य गरी कुल 111 पदक आफ्नो बनाएको छ।